# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ८२ | काठमाडौं | शुक्रबार, २९ असार २०८० | Prabhab National Daily | Friday, July 14, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सन्दर्भ : वैदेशिक रोजगार

### श्रम स्वीकृति लिएर हिंडेका श्रमिकको कागजातमा आशंका

# १७१ जनालाई विमानस्थलबाटै फर्काइयो

वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिइएको छ, भिसा प्रस्ट छ, टिकटहरु सबै ठीक छ । यति हुँदाहुँदै व्यवसायीहरूसँग प्रतिशोध साँध्ने गरी नियोजितरूपमा विमानस्थल अध्यागमनका कर्मचारीहरूले कामदार फर्काएका छन् ।



**राजेन्द्र भण्डारी**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

—ooo—

श्रम स्वीकृति लिएर जानेहरूमा पनि समस्या छ भन्ने सूचना आएका कारण त्यसको 'भेरिफाइ'मात्र गरिएको हो, भेरिफाइ गर्दा रोक्नुपर्ने अवस्था आयो ।



**झलकराम अधिकारी**
महानिर्देशक, अध्यागमन विभाग



- **असार २४**: जोर्डन हिंडेका एक पुरुष र १४ महिला विमानस्थलबाटै फिर्ता
- **असार २५**: कुवेतलगायत विभिन्न मुलुक हिंडेका ३७ जना फिर्ता
- **असार २७**: राति सलाम एयरबाट कुवेत उड्न तयार १०१ जना फिर्ता
- **असार २८**: बिहान कुवेत एयरबाट उड्न तयार १८ जना फिर्ता

*फाइल तस्बिर*

**■ मोहनप्रसाद पन्त**

**काठमाडौं-** वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा हिँडेका कामदारलाई अध्यागमन विभागले त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलबाट धमाधम फिर्ता पठाउन थालेको छ । पछिल्लो पाँच दिनभित्र विभागले विभिन्न मुलुकमा रोजगारीका लागि जान लागेका १७१ जनालाई फिर्ता पठाएको हो । यसरी फर्काइएकामध्ये करिब आधा महिला छन् ।

बिहीबार बिहानमात्र कुवेत उड्न ठिक्क परेका १८ जनालाई अध्यागमनले फिर्ता गरेको छ । यसअघि अध्ययगमनले बुधबार राति १०१ जनालाई विमानस्थलमा रोकेको थियो । आइतबार जोर्डन जान लागेका १५ जनालाई पनि यसैगरी फिर्ता गराइएको थियो भने सोमबार विभिन्न मुलुक हिँडेका ३७ जनालाई।

इन्डेक्स म्यानपावरबाट ४७, युथ म्यानपावरबाट ३२ र निलकलम एचआरबाट २४, सुलभ म्यानपावरबाट चार जना श्रमिकले कुवेतका लागि वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति पाएका थिए । बाँकी कुन म्यानपावरबाट थिए भन्ने खुलाइएको छैन । कामका लागि हिँडेकालाई विमानस्थलबाटै फर्काइएपछि कामदारहरूमा भने अन्योलता छाएको छ ।

अध्यागमन कार्यालयले यात्रीसँग सम्बन्धित कागजात शंकास्पद देखिएको हुँदा प्रस्थान अनुमति नदिइएको पत्र थमाएको छ । अध्यागमन विभागका महानिर्देशक झलकराम अधिकारीले कुवेत जान लागेका व्यक्तिहरूले पेस गरेका कागजात शंकास्पद रहेको सूचनाको आधारमा जाँच गरिएको बताए । उनका अनुसार कामदारले पेस गरेका कागजातमा एउटा कम्पनीसँग सम्झौता र भिसामा अर्को कम्पनीको नाम देखिएको छ। कतिपय भिसा नम्बर जाँच गर्दा 'वेटिङ फर एप्रुभल' अर्थात् स्वीकृतिको प्रक्रियामा देखाएको छ ।

यी लगायत थुप्रै समस्या देखिएका कारण सुरक्षित तवरले वैदेशिक (**बाँकी पृष्ठ २ मा**)

## न्यूनतम १०० को सीमा हट्दा व्यवसायीलाई राहत

**काठमाडौं (प्रस)-** सरकारले एक आर्थिक वर्षभित्र कम्तीमा १०० जना नेपालीलाई वैदेशिक रोजगारीमा पठाउनुपर्ने व्यवस्था हटाएको छ । मन्त्रिपरिषद् मंगलबार बसेको बैठकले म्यानपावर कम्पनीका लागि तोकिएको उक्त संख्यात्मक सीमा हटाउने निर्णय गरेको हो ।

उक्त निर्णयले न्यूनतम १०० जना श्रमिक पठाउन नसकेका २०० भन्दा बढी म्यानपावर कम्पनी खारेजी हुनबाट जोगिएको छ। न्यूनतम संख्या पूरा गर्न नसकेका ती कम्पनी नवीकरण नहुँदा इजाजतपत्र खारेजी हुने प्रक्रियामा पुगेको थियो ।

वैदेशिक रोजगार व्यवसायीहरू उक्त नियम खारेजीको माग गर्दै वैदेशिक रोजगार विभाग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयदेखि प्रधानमन्त्री कार्यालयसम्म पुगेका थिए । व्यवसायीहरूकै माग र दबाबका कारण सरकारले उक्त निर्णय गरेको हो । (**बाँकी पृष्ठ २ मा**)

## 'म्याक्स मनीसँग रेमिट्यान्स कारोबार नगर्नू'

**काठमाडौं (प्रस)-** नेपाल राष्ट्र बैंकले मलेसियाको म्याक्स मनीमार्फत रेमिटचान्स कारोबार नगर्न आग्रह गरेको छ। राष्ट्र बैंकले बिहीबार एक सूचना जारी गरी उक्त रेमिटचान्स कम्पनीले सर्त पूरा नगरेको भन्दै कारोबार नगर्न सरोकारवालालाई निर्देशन दिएको हो ।

राष्ट्र बैंकले यसअघि २०७५ मंसिर १२ र २०७५ फागुन २ मा उक्त कम्पनीसँग रेमिटचान्स कारोबार गर्न प्रतिबन्ध लगाएको थियो। पछि विभिन्न सर्त पूरा गर्ने गरी प्रतिबन्ध फुकुवा गरिए पनि सर्तअनुसार कम्पनीले काम नगरेकोले पुनः प्रतिबन्ध गरिएको राष्ट्र बैंकले बताएको छ । म्याक्स मनीले रेमिटचान्स कारोबारबापतको रकम नेपाली इजाजतपत्र प्राप्त निकायलाई भुक्तानी नगरेको राष्ट्र बैंकको भनाइ छ । कूल बक्यौता रकममध्ये (**बाँकी पृष्ठ २ मा**)

### राप्रपा कार्ययोजना

# एजेण्डा पुरानै, नारा नवीन

**■ जेबी योञ्जन**

**काठमाडौं-** राजतन्त्र र हिन्दू राष्ट्र पुनःस्थापनाको दुई मूल एजेण्डा बोकेको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आफू बदलिने घोषणा गरेको छ ।

सांगठनिक, कार्यक्रमिक, कार्यशैलीगत, जिम्मेवारी निर्वाहदेखि जनतासँग जोडिने कोणबाट राप्रपा बदलिने भएको हो । बदलिने राप्रपालाई 'नवीन राप्रपा' भनिएको छ । राप्रपाको वैचारिक र सैद्धान्तिक धार भने यथावत् हुने भएको छ ।

देशको घरेलु तथा बाहय अर्थ-राजनीतिसँगै जनताको विकास र समृद्धिको चाहनामा आधारित रहेर पार्टी वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र नेतृत्वको कार्यदलले 'नवीन राप्रपा'को अवधारणा गत वैशाख अन्तिममा तयार गरेको थियो ।

जुन गत १ देखि ३ जेठसम्म बसेको केन्द्रीय समिति बैठकमा अध्यक्ष राजेन्द्र लिङ्देनले राजनीतिक कार्यपत्रको रूपमा पेस गरेका थिए। संशोधनसहित पारित उक्त कार्यपत्रअनुसार तयार कार्ययोजना अध्यक्ष लिङ्देनले बिहीबार सार्वजनिक गरेका हुन् । कार्ययोजनामा 'नवपरिकल्पना, नवपरिचय र नवप्रस्तुति'का लागि नवीन राप्रपा आवश्यक भएको भनिएको छ । जसको आधारमा राप्रपा जनताको घरदैलोमा जाने भएको छ।

अध्यक्ष लिङ्देनले कार्ययोजनाअनुसार छ महिनाभित्रमा पार्टीको सबै तहमा ३३५ जना महिलाको संख्या सुनिश्चित गरिने बताए । यो पार्टीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने संख्या हो । सम्भव भए ५० प्रतिशत नै पुऱ्याउने लक्ष्य राखिएको छ । पार्टीमा महिलाको आकर्षण बढाउने राप्रपाको यो कार्यनीतिक जुक्ति हो । यसभन्दा अघि यस्तो प्रावधान थिएन ।

महिलाका अतिरिक्त राप्रपाले ४० वर्षसम्मका युवाहरूलाई पार्टीको सबै तहमा



- सांगठनिक, कार्यक्रमिक, कार्यशैलीगत, जिम्मेवारी निर्वाहदेखि जनतासँग जोडिने कोणबाट राप्रपा बदलिने
- काम नगरी नेता हुन नपाइने
- तोकिएको भूगोलमा गएर छ महिने अभियानमा नजोडिए स्वतः पदमुक्त
- युवालाई ४० प्रतिशत र महिलालाई ३३ प्रतिशत प्रतिनिधित्व गर्ने
- राजसंस्था, हिन्दू राष्ट्र, संघीयतासम्बन्धी पार्टीको धारणा जनतालाई थाहा दिनुपर्ने
- उपाध्यक्षहरूलाई भूगोल निर्धारण गरी जिम्मेवारी, नवीन राप्रपाको कार्ययोजना लागू

अनिवार्य सहभागिता सुनिश्चित गर्ने भएको छ । कार्ययोजनामा केन्द्रीय कार्यसमितिमा ४० जना तथा कार्यसम्पादन समितिमा कम्तीमा सात जना विभिन्न प्रक्रियाबाट अनिवार्य प्रतिनिधित्व गराइने भनिएको छ ।

अध्यक्ष लिङ्देनले भनेका छन्, 'यस कार्ययोजना अनुसार युवा साथीहरूको व्यापकरूपमा सहभागिता हुनेछ। र, राष्ट्रिय प्रजातन्त्र पार्टी मन, वचन र कर्मले युवामैत्री पार्टी हो भन्ने विश्वास बढेर जाने अपेक्षा राखेका छौं ।' पूर्वपञ्चहरूको दल भनिने राप्रपामा वृद्धवृद्धा नेताहरूको पार्टीको हरेक तहमा वर्चश्व रहेको अवस्थाबीच नवीन राप्रपा बनाउने संकल्पमा टेकेर लिङ्देनले युवाको प्रतिनिधित्व बढाउने योजनाअघि सारेका हुन् ।

यससँगै आगामी दिनमा विभिन्न तहमा उम्मेदवार बनाउँदा ५० प्रतिशत प्राइमरी छनोट प्रक्रिया अपनाउने भएको छ । बाँकी ५० प्रतिशत उम्मेदवार छनोटको मापदण्डबारे भने अध्यक्ष लिङ्देनले स्पष्ट खुलाएका छैनन्। तर, उम्मेदवारी (**बाँकी पृष्ठ २ मा**)

### भूगोल नगए स्वतः पदमुक्त

राप्रपाले पार्टीको काम नगरी नेता हुन नपाइने नयाँ व्यवस्था गरेको छ । यसअनुसार पार्टीले तोकेको भूगोलको जिम्मेवारीमा गएर जसरी पनि नेताहरूले पार्टी संगठन विस्तारदेखि जनतामाझ एजेण्डा सुनाउने काम गर्नुपर्ने छ । यदि, त्यसो नगरिए स्वतः पदीय जिम्मेवारीबाट मुक्त गरिने अध्यक्ष लिङ्देनले प्रस्तुत गरेको कार्ययोजनामा उल्लेख छ ।

यस आधारमा अध्यक्ष लिङ्देन धरान उपमहानगरपालिकामा खटिने भएका छन्। उपाध्यक्षहरू बुद्धिमान तामाङ, विक्रम पाण्डे, ध्रुव प्रधान, रोशन कार्की, हेमजंग गुरुङ, मुकुन्दश्याम गिरी, उद्धव पौडेल क्रमशः सर्लाहीको गोडैता, चक्रघट्टा, रामनगर, चितवनको भरतपुर महानगरपालिकाको १ देखि १५ वडासम्म, नवलपरासी पश्चिमको रामग्राम, प्रतापपुर, ललितपुर महानगरको वडा १३, १४, १५, १७, २०, १८ र २५ र काठमाडौंको टोखा नगरपालिकाको वडा २, ३, ४, ५, ६, ७ तथा महानगरको वडा २, ३, ४, ५, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका र मोरङको विराटनगर महानगरपालिका तोकिएको छ ।

भूगोलतर्फको जिम्मेवारीमा रहेका नेताहरूको अनुगमनसमेत हुने भएको छ। यसका लागि हरेक प्रदेशका संयोजक र सहसंयोजकसहितको टोली परिचालन हुने भएको प्रवक्ता लावतीले बताए। उनले अभियानको क्रममा १६५ वटै निर्वाचन क्षेत्रमा प्रशिक्षण कार्यक्रमसमेत गर्ने जानकारी दिए। यसरी अभियान सकिएपछि भने नेताहरूको भूगोलको जिम्मेवारी हेरफेरसमेत हुने उनले बताए ।


## प्रेस विज्ञप्ति

वैदेशिक रोजगार व्यवसायीले आफ्नो निजी खर्चमा विभिन्न मुलुकबाट बजार प्रवर्द्धन गरी ल्याएका मागपत्रहरू वैदेशिक रोजगार ऐन तथा नियमावलीले तोकेको कानूनी प्रक्रिया पूरा गरी वैदेशिक रोजगार विभागबाट स्विकृति लिई स्वदेशकै विमानस्थलबाट उडान गराइरहेको अवस्थामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयबाट कामदारलाई अनावश्यक दुःख, हैरानी दिने, बिनाकारण उडानमा जान रोक लगाएर फर्काउनेलगायतका कार्यले समग्र व्यवसायी र कामदारलाई ठूलो क्षति भएकोतर्फ संघले सम्बन्धित निकायलाई सो कार्य नगर्न ध्यानाकर्षण गराउँदै आएको स्मरण गराउन चाहान्छौं । यसै क्रममा मिति २०८० असार २७ गते सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरी सलाम एयरलाइन्सबाट कुवेत मुलुकमा रोजगारका लागि जान लागेका १०१ जना र कुवेत एयरलाइन्सबाट जान लागेका १६ जना कामदारलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयबाट कानूनबाहेक नै अनावश्यक दोषारोपणसहित जान नदिइ फर्काएको कार्यप्रति यस संघको गम्भीर ध्यानाकर्षण भएको छ। वैदेशिक रोजगारमा जाने कामदारको मागपत्र, भिसा, उडान निश्चित भएको हवाई टिकट हेरी जाँचबुझ गरी अन्तिम स्विकृति दिने अख्तियारी वैदेशिक रोजगार विभागको हो । संस्थागतरूपमा भिसा लगाई उडानका लागि गएका कामदारको करार सम्झौता, काम, पद, सेवा, सुविधा हेर्ने अधिकार अध्यागमन कार्यालयको क्षेत्राधिकार नहुँदा नहुँदै भिसा र हवाई टिकटबाहेकका अनावश्यक कागजातको जाँच परीक्षण गर्ने, कामदारलाई दुर्व्यवहार साथ उडान अनुमति नदिइ फर्काउँदा कतिपय कामदारको भिसा समाप्त भइ रोजगार नै गुम्ने र हवाई टिकटलगायतका ठूलो आर्थिक क्षति पुर्‍याउने तवरबाट भएका उक्त कार्य तुरुन्त रोकी यस प्रकारका कार्य गर्ने व्यक्तिलाई कानूनी कारबाही गरी व्यवसायी र कामदारलाई क्षतिपूर्ति दिलाइ श्रम स्विकृति लिइ जाने कामदारलाई निर्वाध उडान गर्न दिने वातावरण बनाउन जोडदार माग गर्दछौं। अन्यथा बाध्य भइ विरोधका कार्यक्रम गर्न संघ बाध्य हुने व्यहोरा सम्पूर्णमा अवगत गराउँदछौं ।

**राजेन्द्र भण्डारी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं.०१-४५९०९६९/४५९४४१८



**सिंहदरबारमा निर्माणाधीन भवन** | देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमा निर्माणाधीन संसद् भवन । *तस्बिरः विमलबहादुर विष्ट/रासस*

## एजेण्डा पुरानै,...

पृष्ठ १ बाट जारी

छनोटमा प्राइमरी छनोट प्रणाली अमेरिकी राष्ट्रपति निर्वाचन प्रणालीको अनुशरण हो। हाल नेपालमा राष्ट्रिय स्वतन्त्र पार्टीले गत वर्षको प्रतिनिधिसभा निर्वाचनमा प्रयोग गरेको थियो । जुन सफल भयो । यसलाई राप्रपाले पनि आगामी निर्वाचनहरूमा कार्यान्वयन गर्ने योजना लिएको हो ।

सरकारी वेतनधारीहरूको भ्रातृ संगठनलाई शुभेच्छुक संगठनमा परिणत गर्ने अर्को कार्ययोजना राप्रपाको छ । तर, अध्यक्ष लिङ्देनका अनुसार केन्द्रीय कार्यसम्पादन र केन्द्रीय समितिमा शुभेच्छुक संगठनबाट अनिवार्य प्रतिनिधित्व हुने भएको छ ।

छ महिने अभियानको क्रममा पार्टीका शीर्षस्थ नेताहरू वडा तहसम्मै संगठन विस्तार गर्न जानुपर्ने भएको छ । विगतमा भने शीर्षस्थ नेताहरू पार्टीको तल्ला तहले गरेको कार्यक्रममा प्रतिनिधिको रूपमा जाने गर्दथे। अब भने नवीन राप्रपाको कार्ययोजनाअनुसार भने भूगोलमा खटिएर संगठन बनाउने कार्य जिम्मेवारीमा शीर्षस्थ नेताहरू हुनुपर्ने भएका छन् ।

अध्यक्ष लिङ्देनले सार्वजनिक गरेको कार्ययोजनामा केन्द्र, प्रदेश, जिल्लास्तरीय नेता तथा जनवर्गीय संगठनका प्रतिनिधिहरू गरी ९०० जना नेता कार्यकर्ता छ महिने संगठन निर्माणको अभियानमा जोडिने बताए । जतिबेला राजसंस्था, हिन्दू राष्ट्र र संघीयतासम्बन्धी पार्टीको अवधारणालाई जनसमक्ष पुऱ्याउने मूल कार्यभार नेताहरूको हुने उल्लेख छ ।

भ्रष्टाचार र भ्रष्टाचारका विरुद्ध पार्टीको अवधारणालाई प्राथमिकताका साथ राख्ने, पार्टी प्रवेश तथा छोराछोरी पुस्तालाई राप्रपामा जोड्ने विशेष अभियान सञ्चालन गर्नुपर्ने पनि कार्ययोजनामा भनिएको छ। राप्रपा प्रवक्ता सगुनसुन्दर लावतीले छ महिने अभियानकै क्रममा स्थानीय पार्टीका कार्यकर्तालाई सामाजिक क्रियाकलापमा परिचालनसमेत गरिने बताए ।

'जनतासँग पार्टीको सम्बन्ध एक तरिकाले टुटेको छ । यो अभियानले जोड्न मद्दत पुग्छ । जतिबेला हाम्रा नेता कार्यकर्ताहरू सामाजिक सेवाको क्षेत्रमा परिचालित पनि हुनेछन्,' उनले प्रभावसँग भने ।

'राप्रपाले नवीन राप्रपाको कार्ययोजनाअनुसार अघि बढ्दा पार्टी संगठन सुदृढ हुने अपेक्षा राखेको छ ।

# मिटरब्याजपीडितको आठ बिघा जग्गा फिर्ता

**काठमाडौं (प्रस)**– मिटरब्याजका साहुहरूले लिएको आठ बिघा जग्गा पीडितहरूले फिर्ता पाएका छन् । गृह मन्त्रालयका अनुसार उनीहरूले अहिलेसम्म आठ बिघा आठ कठ्ठा नौ धुर जमिन फिर्ता पाएको र अझै मेलमिलापमार्फत फिर्ता हुने क्रम जारी रहेको छ । यसरी जग्गा फिर्ता पाउनेमा ४५ जना पीडित रहेका छन् ।

सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा गठन गरेको अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोगले अहिले मेलमिलापमार्फत समस्या समाधानलाई प्राथमिकता दिएर काम अघि बढाइरहेको छ । आयोगका सदस्य उत्तमराज सुवेदीले पीडितहरूले देशभर हालसम्म झण्डै २४ हजार उजुरी दिएका र त्यसमध्ये एक हजार ५०० जति उजुरीमा मेलमिलाप गराइएको जानकारी दिए ।

यसअघि सरकारले जिल्ला प्रशासन कार्यालयमार्फत उजुरी दिनसक्ने व्यवस्था गरेको थियो । आयोगका सदस्य सुवेदीका अनुसार फर्स्योट भएका उजुरीमध्ये ३० प्रतिशत अदालतबाट फैसला भएका मुद्दाहरू छन् । यसअघि अदालतबाट पीडितका विरुद्धमा फैसला भएको भन्दै पीडितहरूले त्यस्तो निर्णय खारेजी हुनुपर्ने माग गरेका थिए ।

आयोगले अहिले मेलमिलापलाई नै प्राथमिकता दिएको र मिलाप हुन नसकेका गम्भीर प्रकृतिका घटनाका विषयमा मात्रै कारबाहीका लागि सिफारिस गरिने उनले बताए ।

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धमा जाँचबुझ गर्न गत चैत २० को निर्णयानुसार जाँचबुझ आयोग गठन गरेको थियो । यही असार २५ गतेदेखि आयोगको म्याद सकिएपछि सरकारले पुनः तीन महिनाका लागि म्याद थप गरेको छ । आयोगले वैशाख १७ गतेदेखि धनुषाको जनकपुरमा कार्यालय स्थापना भई कार्यसञ्चलन गरिरहेको छ ।

# 'लार्भा खोज र नष्ट गर' अभियानमा जुट्यो महानगर

**काठमाडौं**– डेंगु रोग नियन्त्रणका लागि काठमाडौं महानगरपालिकाले 'लार्भा खोज र नष्ट गर' अभियान सुरु गर्ने भएको छ । नियमितरूपमा पानी परेसँगै लामखुट्टेको टोकाइबाट हुने डेंगु रोग फैलन सक्ने भन्दै कामपाले लार्भा खोज र नष्ट गर अभियान यसै सातादेखि सञ्चालन गर्न लागेको जनाएको छ। विगतका वर्षमा जस्तै यस वर्ष पनि उक्त रोग फैलन सक्ने भएकाले समयमा नै रोकथाम तथा नियन्त्रण गर्न सरोकार भएको निकायहरूको सहकार्यमा उक्त अभियान सञ्चालन गर्न लागिएको कामपा स्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलले जानकारी दिए ।

उक्त कार्य नगर प्रहरीमार्फत टोल-टोलमा डेंगीबाट बच्ने सन्देशसहित माइकिङ गर्ने, प्रचार प्रसार गर्ने तथा वडास्तरमा गठन भएको द्रुतप्रतिकार्य टोलीसमेत परिचालन गर्ने प्रमुख पौडेलले बताए ।

सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र क्लिनिकमा कार्यरत स्वास्थ्यकर्मी, स्वास्थ्य स्वयंसेविका, सरसफाइमा काम गर्ने सरसफाइकर्मीले आ-आफ्नो टोल-टोलमा गई पानी जमेको स्थानमा कुचो वा अन्य साधनको प्रयोग गरी पानी हटाउने, वर्कसप तथा टायरलगायत सडक किनारामा राखिएको वस्तुमा पानी जम्न नदिनेजस्ता कार्य गरिने भएको छ ।

### लक्षण कस्तो हुन्छ

एडिस जातिका पोथी लामखुट्टेको टोकाइबाट यो रोग लाग्ने गर्छ । यो रोग लाग्दा ज्वरो आउने, आँखा रातो हुने र टाउको, पेट, जोर्नी र मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता लक्षण देखा पर्दछ ।

असाध्यै टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसपेशी दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने वा शरीरमा रगत जमेको दाग देखापर्ने, बेहोस हुने आदि लक्षण पनि देखा पर्न सक्छ । डेंगु ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्छ। डेंगु लागेमा मानिसको रक्तकोष घट्न गई रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउँछ ।

### यसबाट बच्ने उपाय

यो रोगबाट बच्न मुख्यतया लामखुट्टेको टोकाइबाट बच्नु हो। यसका लागि लामखुट्टे बस्ने स्थान जस्तै गमला, फूलदानी, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रम, गाडीका काम नलाग्ने टायरमा पानी जम्न दिनु हुँदैन। *रासस*

# साउन २० मा छात्रवृत्तिका लागि परीक्षा

**काठमाडौं (प्रस)**– काठमाडौं महानगरपालिकाले कक्षा ११ मा प्रदान गरिने छात्रवृत्तिका लागि आगामी साउन २० गते परीक्षा लिने भएको छ । यसका लागि महानगरपालिकाले बिहीबारदेखि अनलाइन आवेदन खुला गरेको छ।

महानगरअन्तर्गतको शिक्षा विभागले बिहीबार एक सूचना प्रकाशित गरी शैक्षिक सत्र २०८०/८१ का लागि छात्रवृत्तिका बिहीबार बिहान १० बजेदेखि साउन १२ गतेसम्म आवेदन खुला गरेको थियो।

विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा, कानुन र प्राविधिक विषयमा छात्रवृत्ति परीक्षा हुने महानगरको शिक्षा विभागले जनाएको छ । परीक्षामा कक्षा १० को पाठ्यक्रममा आधारित १०० वटा बहुवैकल्पिक वस्तुगत प्रश्न सोधिने उक्त सूचनामा उल्लेख गरिएको छ ।

## १७१ जनालाई...

पृष्ठ १ बाट जारी

रोजगारीमा जान सकून् भन्ने अभिप्रायले उनीहरूलाई रोकिएको महानिर्देशक अधिकारीले बताए ।

'श्रम स्वीकृति लिएर जानेहरूमा पनि समस्या छ भन्ने सूचना आएका कारण त्यसको भेरिफाइमात्र गरिएको हो, भेरिफाइ गर्दा रोक्नुपर्ने अवस्था आयो,' उनले भने ।

आधिकारिकरूपमा प्रमाणित हुने कागजात पेस गरे उनीहरूलाई कुवेत जान कुनै रोकावट नहुने महानिर्देशक अधिकारीले जानकारी दिए । उनले कुनै पनि व्यवसायीमाथि पूर्वाग्रह नराखिएको भन्दै सबैले इमान्दारीपूर्वक जिम्मेवारी बहन गर्नुपर्ने बताए । 'अध्यागमनले नियतवस पूर्वाग्रह भएर काम गरेको पुष्टि भए सम्बन्धित कर्मचारीमाथि कारबाही हुन्छ,' उनले भने, 'व्यवसायीहरूबाट गल्ती भएको भए राज्यको सम्बन्धित निकायले कारबाही गर्नुपर्छ ।'

रोजगारीका लागि परिवारसँग बिदा भएर कुवेत हिँडेका कामदारलाई विनाकारण रोकिएको भन्दै वैदेशिक रोजगार व्यवसायीहरूले भने विरोध जनाएका छन् । कागजात नपुगेको वा भिसा शंकास्पद भएको भन्ने अध्यागमन कार्यालयको भनाइ सत्य नभएको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए ।

'व्यवसायीहरूसँग प्रतिशोध साँध्ने गरी नियोजितरूपमा विमानस्थल अध्यागमनका कर्मचारीहरूले कामदार फर्काएका छन्,' उनले भने, 'वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिइएको छ, भिसा प्रस्ट छ, टिकटहरू सबै ठीक छ, यति हुँदाहुँदै पनि व्यवसायीलाई पूर्वाग्रही ढंगले हतोत्साही बनाउने कार्य भएको छ ।'

सबै कामदारको 'ननरिफण्डेबल (रकम फिर्ता नहुने)' टिकट भएका कारण प्रतिव्यक्ति ६० हजार रूपैयाँ टिकट शुल्क खेर गएको भण्डारीले बताए । अध्यागमन कार्यालयको उक्त कदम ज्यादतीपूर्ण भएको भन्दै भण्डारीले दुःख व्यक्त गरे ।

यसअघि आइतबार अध्यागमन कार्यालयले श्रम स्वीकृति लिएर जोर्डन हिँडेका १५ जनालाई विमानस्थलबाटै फर्काएको थियो । मास क्रेडा अल सफी कम्पनीमा काम गर्न श्रम स्वीकृति लिएर जोर्डन जान लागेका महिला कामदारहरूलाई अध्यागमनले शंकास्पद भिसा भन्दै फर्काएको थियो । यद्यपि, आवश्यक अनुसन्धानपछि उनीहरूलाई जोर्डन जान दिइएको थियो ।

यसैबीच संघले वैदेशिक रोजगार विभागबाट संस्थागतरूपमा श्रम स्वीकृति लिई कामदारलाई विदेश पठाइरहेको अवस्थामा विमानस्थलमा रहेको अध्यागमन कार्यालयका कर्मचारीले विगत केही दिनदेखि कानुनविपरीतको गलत सूचना दिने, अनावश्यक दुःख दिई रोजगारीबाट वञ्चित गराउने कार्य गरिरहेको भन्दै गृहमन्त्री नारायणकाजी श्रेष्ठ र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीको ध्यानाकर्षण गराउँदै बिहीबार नै ज्ञापनपत्र बुझाएको छ । संघले अध्यागमन प्रक्रिया पूरा गरिसकेपछि पनि विनाकारण असार २७ गते सलाम एयरबाट कुवेत जान लागेका १०१ जना कामदार, २८ गते बिहान कुवेत एयरबाट जान लागेका १६ जना कामदार फर्काइएको उल्लेख गरेको छ ।

ज्ञापनपत्रमा सम्पूर्ण प्रक्रिया पूरा गरी प्रस्थान अनुमति लिइसकेपछि पनि कामदार फर्काउँदा रोजगारदाता कम्पनी र वैदेशिक रोजगारीमा जाने कामदार तथा वैदेशिक रोजगार व्यवसायीलाई ठूलो आर्थिक क्षति हुने हुँदा सो सम्बन्धमा छानबिन गरी दोषीलाई कारबाही गरी अध्यगमनबाट फर्काइएका कामदारलाई सहजरूपमा वैदेशिक रोजगारमा पठाउन संघले माग गरेको छ ।

अध्यागमन प्रक्रिया पूरा गरेका कामदारलाई रोक्नु अध्यागमन कार्यालयका कर्मचारीको कमजोरी महसुस गर्दै अध्यागमन विभाग र वैदेशिक रोजगार विभागका महानिर्देशकलाई यस विषयमा तुरुन्तै छानविन गरी उनीहरूलाई कुवेत जाने वातावरण मिलाउन चेतावनी दिइएको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए । 'मन्त्रीहरूसँगको भेटमा व्यवसायीहरूबाट गल्ती भएको भेटिए वैदेशिक रोजगार ऐन २०६४ अनुसार कारबाही गर्न माग गरिएको छ,' उनले भने, 'अन्यथा बदनियत राख्ने कर्मचारीलाई कारबाही गर्न र क्षतिपूर्तिको व्यवस्था मिलाउन आग्रह गरिएको छ ।'

## न्यूनतम १००...

पृष्ठ १ बाट जारी

सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बिहीबार मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्ने क्रममा श्रमिक पठाउनुपर्ने संख्यात्मक सीमा हटाउने निर्णय गरेको जानकारी दिइन् । 'आव २०७८/७९ र २०७९/८० दुई वर्षमा वार्षिकरूपमा न्यूनतम १०० जना नेपालीलाई वैदेशिक रोजगारीमा पठाउन नसकेका इजाजतपत्र प्राप्त संस्थाको इजाजतपत्र आव २०८०/८१ का लागि नवीकरण गर्न आएमा नवीकरण गरिदिने गरी बाधा अड्काउ फुकाउने आदेश जारी गर्ने,' मन्त्रिपरिषद्को निर्णयमा उल्लेख छ ।

मंगलबारको मन्त्रिपरिषद् बैठक बस्नुअघि मात्रै नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी नेतृत्वको प्रतिनिधिमण्डलले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेर न्यूनतम १०० जना श्रमिक पठाउनुपर्ने बाध्यकारी नियम हटाउन माग गरेको थियो । जवाफमा प्रधानमन्त्रीले समस्या समाधान गर्ने आश्वासन दिएका थिए । सोही दिनको मन्त्रिपरिषद् बैठकले न्यूनतम सीमा हटाउने निर्णय गरेको हो । सरकारको उक्त निर्णयले खारेजउन्मुख म्यानपावर कम्पनीका सञ्चालकहरूलाई राहत पुगेको छ । व्यवसायीहरूले सरकारको उक्त निर्णय स्वागतयोग्य भएको बताएका छन् ।

## म्याक्स मनी...

पृष्ठ १ बाट जारी

आंशिक रकम भुक्तानी गरेपछि ५ माघ २०७६ को उक्त प्रतिबन्ध राष्ट्र बैंकले फुकुवा गरेको थियो । तर, प्रतिबन्धका सम्बन्धमा जारी भएका परिपत्रहरू ५ माघ २०७६ मा खारेज भए पनि कम्पनीले प्रतिबन्ध फुकुवा गर्दा तोकिएका सर्तहरू पालना नगरेको राष्ट्र बैंकले जनाएको छ ।

सोही कारण अर्को व्यवस्था नभएसम्मका लागि राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था, विप्रेषण कम्पनी, अन्य इजाजतपत्र प्राप्त निकायहरू, सरोकारवाला व्यक्ति तथा निकायले म्याक्स मनीसँग बाँकी वक्यौताको भुक्तानी लिनेबाहेक कुनै पनि कारोबार नगर्न निर्देशन दिएको सूचनामा उल्लेख छ ।


## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनीः Warak Al Mahashi Fast Food Restaurant

पूर्व स्वीकृति मिति २०८०/०३/२७ LT. No.289200 चलानी नं. ६०२०४५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 5 | 0 | 1000 | ३४७१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः SAUDI PAN KINGDOM for TDG. & Cont. Co. Ltd

पूर्व स्वीकृति मिति २०८०/०३/२७ LT. No.289199 चलानी नं. ६०२०४५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 25 | 0 | 1000 | ३४७१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ५ गते (21st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL LATIF SAUD AL-HUMAIN COMPANY FOR LOGISTICS SERVICES IS ONE PERSON

पूर्व स्वीकृति मिति २०८०/०३/२७ LT. No.289169 चलानी नं. ६०२०४५३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SAR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAMAQ COMPANY TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०८०/०३/२७ LT. No.289171 चलानी नं. ६०२०४५३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SAR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Utensil worker | 2 | 0 | 1200 | ४२,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAMAQ COMPANY TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०८०/०३/२७ LT. No.289170 चलानी नं. ६०२०४५३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SAR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & beverage counter worker | 2 | 0 | 1200 | ४२,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BRANCH OF ABDUL LATIF AL-HUMIN CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/०३/२७ LT. No.289168 चलानी नं. ६०२०४५३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 1 | 0 | 1500 | ५२,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Equipment Mechanic | 2 | 0 | 1800 | ६३,२८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ५ गते (21st July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :JADDARAH RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति : २०७८/१२/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२८ LT. No.261291 चलानी नं.६०१७७७८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 5 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १ गते (17th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)

Govt. License 280/058/059

P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

# अंगदान गर्ने महिला, लिने पुरुष



■ निरा गौतम

**नेपालमा अहिलेसम्म झण्डै ११ सयको मिर्गौला प्रत्यारोपण गरिएको छ । प्रत्यारोपणका लागि अंगदान गर्नेहरु पनि सबै स्वस्थ छन् । मिर्गौला दान गर्ने व्यक्ति धेरै वर्ष बाँच्ने चिकित्सा विज्ञानले नै प्रमाणित गरेको सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठ बताउँछन् ।**

**रूपन्देही–** रोगले महिला र पुरुष भन्दैन, जोसुकैलाई पनि लाग्न सक्छ । रोगकै कारण कुनै व्यक्तिको अंग काम नलाग्ने भयो भने प्रत्यारोपण गर्नुपर्ने अवस्था आउँछ । यस्तो अवस्थामा नजिकका आफन्तको अंग आवश्यक पर्छ । त्यसका लागि सबैभन्दा पहिला घरपरिवारका सदस्य नै अंगदानको प्राथमिकतामा पर्छन् ।

श्रीमान्‌का लागि श्रीमती र श्रीमतीका लागि श्रीमान् वा बुबाआमाका लागि छोराछोरी र छोराछोरीका लागि बुबाआमा । यस्तो अवस्थामा घरका पुरुषहरू वा महिलाहरूमध्ये को पहिला अंगदानका लागि तयार हुन्छन् होला ? सामान्य अवस्थामा हेर्दा पुरुष र महिला भन्नै पर्दैन, सबैका लागि सबै तयार हुन्छन् भन्ने लाग्छ । तर, तथ्यांकले त्यस्तो भन्दैन । अंगदानमा पनि व्यापक लैंगिक विभेद् देखिने गरेको छ ।

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको तथ्यांकअनुसार अहिलेसम्म भएको अंगदानको विश्लेषण गर्दा ७८ प्रतिशत अंगदाता महिला छन् भने २२ प्रतिशतमात्रै पुरुष छन् । महिलाले दान गरेको सबै अंग पाउने सबै पुरुष छन् । महिलाले महिला र पुरुष दुवैका लागि अंगदान गरिरहेका बेला पुरुषको अंग पाएर ज्यान बचाउने महिलाको संख्या अत्यन्त न्यून छ ।

प्रत्यारोपणका लागि अंगदान गर्नेमा महिलाको संख्या बढी छ । महिलाले दान गरेका अंग लिनेजति सबै पुरुष छन् । श्रीमान्‌लाई अंगदान आवश्यक परेमा श्रीमती सजिलै तयार हुँदा श्रीमान्‌ले भने कन्जुस्याइँ गर्छन् । विभिन्न बहाना बनाउँछन् । आफन्तलाई अंग आवश्यक पर्दा दिन तयार हुने महिलालाई अंग प्रत्यारोपण गर्नु परेमा पुरुषहरू पर सर्ने गरेको तथ्यांकले देखाएको छ । विशेषगरी मिर्गौला प्रत्यारोपणमा यो अवस्था बढी हुने गरेको हो ।

पुरुषको अंगले काम नगर्ने भयो भने महिला जस्तोसकै अवस्थामा पनि अंग दिन तयार हुने तर महिलाको अंग बिग्रेर काम नलाग्ने भयो भने पुरुष तयार नहुने अवस्था छ । अंगदान गर्न पुरुषले कन्जुस्याइँ गर्छन् । 'श्रीमतीले श्रीमान्‌लाई सजिलै अंगदान गर्छन्, तर श्रीमान्‌ले श्रीमतीलाई दिन मान्दैन, बुवाआमालाई आवश्यक परेमा छोरीले दान गर्छ तर छोराले दिँदैन,' सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठ भन्छन्, 'अंगदानमा देखिएको यो विभेदले आफूलाई पुरुष भन्न पनि लाज लाग्छ ।' लैंगिक विभेद अंगदान र प्रत्यारोपणको चुनौती नै बनेको डा. श्रेष्ठ बताउँछन् । 'महिलाको अंग लिने अधिकार ठान्ने तर महिलालाई दिन पर्दैन भन्ने पुरुषको मानसिकता छ, यो मानसिकता हटाउनुपर्छ,' उनी भन्छन् ।

अंगदान गर्ने पुरुषको संख्या बढाउनकै लाागि महिलालाई पुरुषले अंग दिँदा ५० हजार रूपैयाँ आर्थिक सहयोगको व्यवस्था छ । यो प्रावधानले पनि धेरै सुधार ल्याउन सकेको छैन । महिलाले पनि प्राथमिकतासाथ मिर्गौला प्रत्यारोपण गर्न पाउन् भनेर मस्तिष्क मृत्युबाट प्राप्त हुने मिर्गौला वितरणमा महिलालाई पुरुषको दाँजोमा तेब्बर प्राथमिकता दिइएको डा. श्रेष्ठ बताउँछन् ।

समाजमा महिलालाई अझै दोस्रो दर्जाको नागरिकको रूपमा लिइन्छ । श्रीमान्‌ले परिवारको पालनपोषण गर्नुपर्छ भन्ने पुरानो मान्यता छ जसले गर्दा उसले अंगदान गर्नु हुँदैन भन्ने सोच परिवार र आफन्तले राख्छन् । तर, यो सबै पितृसत्ताकै उपज हो भन्छिन्, अधिकारकर्मी प्रतिमा शर्मा ।

हिंसा घरबाट र आफ्नै श्रीमान्‌बाट बढी हुन्छ । श्रीमान्‌लाई केही भए श्रीमतीले सबैथोक त्याग गर्न तयार हुन्छिन् तर पुरुषले महिलालाई उपयोग मात्रै गर्छन्,' उनी भन्छिन् । उपयोगितावादले गर्दा महिलाप्रति पुरुषको संवेदना कम हुने गरेको उनको विश्लेषण छ । 'महिलाप्रति व्यक्ति र समाजको सोच बदल्न सानो लगानीले हुँदैन । सरकार, निजी क्षेत्र तथा सबै आ-आफ्नो ठाउँबाट लाग्नुपर्छ, शिक्षाको पाठ्यक्रम पनि तयहीअनुसारको बनाउनुपर्छ,' शर्मा थप्छन् ।

लैंगिक विभेद अन्त्य गर्न पितृसत्तात्मक संरचना नै बदल्नुपर्ने र तीनै तहका सरकारले प्रत्येक घरधुरीमा पुग्ने गरी व्यापक सचेतना जगाउनुपर्नेसुझावअधिकारकर्मी शर्माको छ । अंग नपाएका कारण कुनै पनि व्यक्तिले ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यले नेपालमा २०७४ देखि मस्तिष्क मृत्युपछि अंगदान गर्ने प्रचलन सुरु भयो ।

अठार वर्षभन्दा माथिका व्यक्तिले स्वइच्छाले आफ्नो नजिकका नातेदारलाई चिकित्सकीय उद्देश्यका साथ मानव अंग, मानव शरीरको अंग प्रत्यारोपण ऐन २०५५ कानुनको अधिनमा रही अंगदान गर्न सक्छन् । हाम्रो मृत्युपछि डढेर र गलेर जाने अंगले अरुको जीवन बचाउन सकिन्छ ।

अंग शरीरको विशेष काम गर्ने अवयव हुन् जस्तैः मुटु, फोक्सो, मिर्गौला, कलेजो, प्याङक्रियाज तथा आन्द्रा इत्यादि । त्यस्ता रोगीहरू जसको रोगका कारण अंग विफलताको अन्तिम चरणमा बसेर मृत्यु कुरेकालाई अंगदानले नयाँ जीवन दिन्छ ।

डा. श्रेष्ठका अनुसार नेपालमा बर्सेनि तीन हजार मानिसको मिर्गौलाले काम नगर्ने हुन्छ तर प्रत्यारोपण भने ३०० को मात्रै भइरहेको छ । बाँकी २७ सयको प्रत्यारोपण जरुरी छ तर मिर्गौला छैन । अंगदान र प्रत्यारोपण बारेमा पर्याप्त सचेतना नहुँदा अंग नपाएकै कारण ज्यान गुमाउनुपर्ने अवस्था सिर्जना भएको डा. श्रेष्ठको भनाइ छ । 'स्वस्थ व्यक्तिले पनि अंगदान गर्न चाहँदैन, मृत व्यक्तिको अंग निकाल्न परिवार र आफन्तले दिँदैनन्,' उनी भन्छन् ।

नेपालमा अहिलेसम्म झण्डै ११ सयको मिर्गौला प्रत्यारोपण गरिएको छ । प्रत्यारोपणका लागि अंगदान गर्नेहरू पनि सबै स्वस्थ छन् । मिर्गौला दान गर्ने व्यक्ति धेरै वर्ष बाँच्ने चिकित्सा विज्ञानले नै प्रमाणित गरेको डा. श्रेष्ठ बताउँछन् ।

कुनै पनि व्यक्तिको अंग फेल भएमा दीर्घकालीन उपाय भनेको अर्को अंग राख्ने हो । अंग प्रत्यारोपणको विकल्प छैन । मिर्गौलाको डायलाइसिस सेवा भए पनि प्रत्यारोपणको विकल्प होइन । 'डायलाइसिस गरेपछि प्रत्यारोपण गर्नु पर्दैन भन्ने भ्रम हामीमा छ तर डायलाइसिसले मानिसलाई केही समय बचाउनेमात्र हो, पुनःस्थापना होइन,' श्रेष्ठ भन्छन्, 'डायलाइसिस गरेर बस्नु भनेको सधैं बिरामी भइरहनु हो भने मिर्गौला प्रत्यारोपण रोग निको पारेर पहिलाकोझैं तन्दुरुस्त हुनु हो, रोगमुक्त हुनु हो ।' नेपालमा एक वर्षमा झण्डै ३० हजार डायलाइसिस सेसन हुने गरेको छ ।

मधुमेह रोग नभएको, उच्च रक्तचाप (सुगर, प्रेसर) बढेर धेरै औषधि नखाएको, क्यान्सर र सरुवा रोग नलागेका मानिसले अंगदान गर्न सक्छन् । १८ वर्षदेखि माथि ६५ वर्ष र स्वस्थ छ भने त्यो भन्दा पनि धेरै उमेर भएकाहरूले पनि अंगदान गर्न मिल्छ ।

नेपालमा मानव शरीरको अंग प्रत्यारोपण ऐन २०५५ अनुसार स्वस्थ व्यक्तिले आफ्नो नजिकको नातेदारलाई अंग दिन मिल्छ । नजिकको नातेदार भन्नाले बाबु-आमा, दाजु-भाइ, दिदी-बहिनी, बाजे-बजै, छोरा-छोरी, नाति-नातिनी, भतिजा-भतिजी, ज्वाइँ-जेठान, काका-काकी, भाञ्जा-भाञ्जी, मामा-माइजु, श्रीमान्-श्रीमती, दुई वर्षदेखि सँगै बसेका धर्मपुत्र-धर्मपुत्री, सौतेलो बाबु-आमालगायतले अंग आपसमा लिन दिनसक्ने कानुनी व्यवस्था छ ।

नातेदारको बीचमा अंग गलिने दिने भए पनि मिलेन भने अर्को परिवारसँग मिल्यो भने साटासाट गर्न पाइने व्यवस्था छ । साटासाट गरेर पनि प्रत्यारोपण हुने गरेको छ । नजिकका नातेदारले मात्र अंगदान गर्न पाउने प्रावधान भएकाले कानुनविपरीत मिर्गौला प्रत्यारोपण गर्नेलाई पाँच वर्ष कैद र पाँच लाख रूपैयाँ जरिवाना हुने प्रावधान रहेको छ ।

यस्तै मस्तिष्क मृत्यु भएकाहरूबाट प्राप्त भएको अंग पनि प्रत्यारोपण हुने गरेको छ । तर, नेपालको हकमा अंग प्रत्यारोपणका लागि सबैभन्दा प्रभावकारी मस्तिष्क मृत्युपश्चात्‌को अंगदान भए पनि चेतना नहुँदा दान गर्न धेरैले कन्जुस्याइँ गर्ने गरेको सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका डा. कल्पनाकुमारी श्रेष्ठ बताउँछिन् । आँखादानजस्तो सहज अरु अंगदान हुन नसकेको उनको भनाइ छ ।

नेपालमा अहिलेसम्म २७ सयभन्दा बढीले मष्तिष्क मृत्युपश्चात् अंगदान गरेका छन् भने २२ सय जनाले दान गर्ने घोषणा गरेका छन् । *रासस*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARTERIAL RESOURCES SDN. BHD.**

पूर्व स्वीकृति मिति २०८०/०३/२८ | LT. No. 289252 | चलानी नं. ६०२०४५५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 95 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **U.K.L. INDUSTRIES SDN. BHD.**

पूर्व स्वीकृति मिति २०७९/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२८ | LT. No. 268975 | चलानी नं. ६०२०४४६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 37 | 17 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ५ गते (21st July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## CYPRUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी: **ORTHODOXOU EMPLOYMENT BUREAU LTD.**

पूर्व स्वीकृति मिति : २०८०/०३/२५ | LT. No.289116 | चलानी नं.६०२०४४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker/labour | 2 | 2 | 465 | ६९,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chambermaids | 0 | 2 | 612 | ८८,९१५ | | | | | | | |
| 3 | Cook | 3 | 0 | 800 | ११६,२३० | | | | | | | |
| 4 | Domestic Worker | 0 | 5 | 315 | ४५,७६५ | | | | | | | |
| 5 | Waiters/waitresses | 3 | 3 | 787 | ११४,३४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ३ गते (19th July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ६०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 289116 मितिः २०८०/०५/२६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**S.S.Group of management pvt.Ltd.**
Govt. License 1100/073/074
Subidhanagar–32, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9843193397 Email: ssgroup1100@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SPECTRUM UNITED GENERAL CONSTRUCTION CO.**

पुर्व स्वीकृति मिति २०८०/०३/२८ | LT. No. 289223 | चलानी नं. ६०२०४५६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labor | 9 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **AL MASHREQEEN TRANSPORT COMPANY**

पूर्व स्वीकृति मिति : २०७९/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२८ | LT. No. 283403 | चलानी नं. ६०१९८८५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Vehicle Driver | 3 | 0 | 1800 | ६२,४९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 12 | 0 | 1800 | ६२,४९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ५ गते (21st July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : **MAKEMAKE CONTRACTING WLL**

पुर्व स्वीकृति मिति २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२८ | LT. No. 288213 | चलानी नं. ६०२०३५३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 2500 | ९०,४१० | | | | | | | |
| 3 | Human Resource Specialist | 1 | 0 | 4600 | १६६,३६० | | | | | | | |
| 4 | Mason | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 5 | Pipe Fitter | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 6 | Receptionist | 1 | 0 | 2000 | ७२,३३० | | | | | | | |
| 7 | Reinforce Fitter | 8 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 8 | Store Keeper | 2 | 0 | 1900 | ६८,७१५ | | | | | | | |
| 9 | Tilemaker | 3 | 0 | 1200 | ४३,३९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन ५ गते (21st July. 2023) मा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

JBR Associates Pvt. Ltd.

श्रम ईजाजत नं. ५१०/०६१/०६२

Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,

Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841

E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com

## बनेपामा बन्ने भो फिल्म स्टुडियो

सरकारले काभ्रेको बनेपामा फिल्म स्टुडियो बनाउन जग्गा प्रयोग गर्ने स्वीकृति दिएको छ। गत मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले अत्याधुनिक फिल्म छायांकन स्टुडियो निर्माणका लागि बनेपा– १० र १३ मा रहेको बाहुनडाँडा सामुदायिक वनको साढे दुई हेक्टर वन क्षेत्रको जग्गा प्रयोगका लागि स्वीकृति दिने निर्णय गरेको हो। आर्थिक वर्ष २०८०/०८१ को बजेटमा बनेपामा अत्याधुनिक फिल्म छायांकन स्टुडियो निर्माण गर्ने योजना समावेश थियो।





# आर्नभ, सायरा र निभिकाले थाइल्यान्डमा जिते ताज



■ प्रभाव संवाददाता

**काठमाडौं–** थाइल्यान्डमा आयोजना भएको अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'टिन स्टार इन्टरनेसनल २०२३' मा नेपाली बालक आर्नभ श्रेष्ठले शिर्ष उपाधि जित्न सफल भएका छन्। बिभिन्न उमेर समुहको कारण ग्रुप ए, बि र सि बर्गिकरण गरिएको प्रतियोगीतामा आर्नभले ग्रुप बि अन्तर्गत 'टिन स्टार इन्टरनेसनल २०२३'को शिर्ष उपाधि हात परेका हुन्। प्रतियोगीतामा श्रेष्ठले मिष्टर पर्सनाली उपाधि जितेका थिए।

प्रतियोगीतामा ग्रुप बि अन्तर्गतनै निभिका दुवालले थर्ड रनर अप र मिस पर्सनालिटी उपाधि हात परेकी छन्।

त्यस्तै ग्रुप ए अन्तर्गत सायरा भट्टले फर्स्टरनर अफ र मिस ट्यालेन्ट उपाधि जितेकी छन्।

जुलाई ३ तारिखदेखि ११ तारिखसम्म थाइल्याण्डको बैंकक स्थित सिएससी हलमा आयोजित प्रतियोगीतामा नेपाल सहित भारत, युके, टर्की, श्रीलंका लगायत ३४ देशको सहभागीता रहेको थियो।

बैंकक र पटाया गरेर आयोजना भएको कार्यक्रममा नेशनल कस्टुम, ट्यालेन्ट शो, सुमिङ वेयर, फोटो सुट लगायत बिभिन्न चरणमा आयोजना भएको थियो। कार्यक्रममा नेपाली बालबालीकालाई इभेन्ट वेटर ग्यालेक्सीले पठाएको हो। नेपालको तर्फबाट सहभागी तीनै बालबालीकालाई ग्रुमिङ गर्ने काम कोरियोग्राफर रोजिन शाक्यले गरेका थिए, भने सिआइएफटीको ड्रेस र ग्लोसी गर्ल्सले मेकअफ जिम्बेवारी सम्हालेका थिए।

आर्नभ काठमाडौं प्रयागकुञ्ज स्कुलमा कक्षा ७ मा अध्ययनरत छन्। भविष्यमा व्यवसायी बन्ने लक्ष्य राख्ने आर्नभ ईभन्ट वेटर ग्यालेक्सीले आयोजना गरेको 'नेसकल किड्स अफ द इयर २०२२' का विजेता हुन्।

त्यस्तै ११ वर्षीय सायरा पाठशाला नेपालमा कक्षा ६ मा अध्ययनरत छन्। भविष्यमा न्युरो सर्जन बन्ने लक्ष्य राख्ने सायरा पनि नेसनल किड्स अफ द इयर २०२२ का विजेता हुन्।

त्यस्तै १३ बर्सिया निभिका दुवाल लिटल वर्ल्ड इङ्लिस स्कुलमा कक्षा ८ की विद्यार्थी हुन्। भविष्यमा एनिमेटर बन्ने सोच भएकी निभिका नेसनल किड्स अफ द इयर २०२२ की फस्ट रनर अप हुन्।

नेपालका लागि सो प्रतियोगिताको नेसनल डाइरेक्टर धिरज तण्डुकार र आधिकारिक संस्था इभेन्ट वेटर ग्यालेक्सी इन्टरटेन्मेन्ट रहेको छ। प्रतियोगीलाई इभेन्ट वेटर ग्ल्यालेक्सीका सिइयो धिरज तण्डुकार आफैले लिएर थाइल्यान्ड गएका थिए। कार्यक्रममा नेपालको तर्फबाट सहभागीले नेपाली कला संस्कृति र कल्चरल ड्रेसमा समेत प्रस्तुत दिएको इभेन्ट वेटर ग्ल्यालेक्सीका सिइयो धिरज तण्डुकारले बताए।

## 'देववाणी'को गीत राजिस्थानमा छायांकन

**काठमाडौं (प्रस) –** बाबु साहेब बलामीको निर्देशनमा निर्माण भैरहेको सिनेमा 'देव वाणी'को एक गीतको छायांकन भारतको राजिस्थानमा गरिएको छ। प्रताप दास र सुनिता कार्कीको स्वर तथा मनोहर सुनामको संगीत रहेको गीतको छायांकन राजिस्तानमा गरिएको हो।

सिनेमाको निर्माण टिम केही दिनअघि भारतको राजिस्तानमा ४ दिन लगाएर एक गीतको छायांकन गरेर नेपाल फर्किएको छ। अब सिनेमाको एक गीत र केही सिन मात्र खिच्न बाँकी रहेको जानकारी निर्माण टिमले दिएको छ। राजिस्तानमा खिचिएको गीतमा सिनेमाका मुख्य कलाकार कुन्दन भारद्वाज र अनुपा लेप्चा फिचर्ड छन्।

सिनेमामा कुन्दन र अनुजाका अलवा सुनिल थापा, ध्रुब कोइराला, रबिन्द्र झा, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देव सिंह, प्रदीप ढकाल, काजोल राघवाणी, मौसम पौडेल, लक्ष्मीनाथ तिमल्सिना लगायतको अभिनय रहनेछ। सिमरा, वीरगन्ज, र काठमाडौंमा सिनेमाको छायांकन गरिएको हो।

निर्देशक बलामीले सिनेमा नेपाली र हिन्दी भाषामा निर्माण भैरहेको जानकारी दिए। सिनेमालाई भारतका हलमा प्रदर्शन गर्ने योजना निर्माण टिमको छ। मौसम फिल्मस् प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टले निर्माणमा सहकार्य गरेको सिनेमाको कथा निराजन मेहता मन्जिलले तयार पारेका हुन्।

हरिबहादुर घलेको छायांकन र श्री श्रेष्ठको द्वन्द्व निर्देशन रहने सिनेमाको प्रस्तुतकर्तामा मौसम पौडेल छन्। मिना खड्का र हिराबहादुर लेप्चा निर्माता रहेको सिनेमाका कार्यकारी निर्माता महेन्द्र यादव हुन्। सिनेमामा तेञ्जु योञ्जनको कोरियोग्राफी र तर्कराज न्यौपानेको मुख्य सहायक निर्देशन रहेको छ।

# फर्स्टलुकमा यस्तो देखियो 'नांगो गाउँ'




■ प्रभाव संवाददाता

**काठमाडौं–** भदौको २९ गतेबाट रिलिज हुन लागेको फिल्म 'नाङ्गो गाउँ'को फस्टलुक पोष्टर सार्वजनिक गरिएको छ। पोष्टरलाई राजनीतिक पृष्ठभूमीमा तयार पारिएको छ।

हिमाल शर्माको प्रस्तुतिमा तयार भएको यो फिल्मलाई दीपेन्द्र लामाले लेखन तथा निर्देशन गरेका हुन्। फिल्ममा जय श्रेष्ठ निर्माता, राम श्रेष्ठ कार्यकारी निर्माताको रूपमा रहेका छन्। फिल्ममा आलोक शुक्लाको छायांकन छ।

दयाहाङ राई, मिरुना मगर, कर्मा, साम्राज्ञी राज्यलक्ष्मी शाहको मुख्य भूमिका छ। फिल्मको पोष्टरमा यी सबै कलाकारहरूको साथमा शिशिर वाङ्देल, बुद्धि तामाङ, विशाल पहारी, रविन्द्र झा लगायतका कलाकारहरू पनि अटाउका छन्। फिल्ममा राज थापा, कमलमणी नेपाल, अंकित खड्का, पुष्कर गुरुङ लगायतका कलाकारको पनि अभिनय हेर्न सकिन्छ।

बनिष शाहको सम्पादन रहेको यो फिल्ममा एसडी योगी र दीपक शर्माको संगीत, रामजी लामिछानेको कोरियोग्राफी छ। राजनीतिको कारणले एउटा गाउँमा कति ठूलो समस्या उत्पन्न हुँदैछ र त्यसले कस्तो प्रभाव पारेको छ भन्ने कथालाई फिल्मले प्रस्तुत गरेको छ।



**एसिसी मेन्स इमर्जिङ टिम्स एसिया कप**

# नेपाल र पाकिस्तान आज भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रीलंकामा जारी एसिसी मेन्स इमर्जिङ टिम्स एसिया कप प्रतियोगितामा नेपालले आज (शुक्रबार) पाकिस्तान ए सँग खेल्दैछ।

समूह ए को यस खेल कोलम्बो क्रिकेट क्लबको मैदानमा हुनेछ। पाकिस्तानको ए टोली रहेतापनि टोलीमा केही चर्चित अनुहार समेत रहेका छन्।

जितका साथ प्रतियोगिता सुरुआत गर्ने लक्ष्यमा रहेको नेपालले यस खेलमा आफ्नो बलियो युवा टिम उतार्ने छ।

पाकिस्तानको ए टिमविरुद्ध खेल्ने नेपालले आफ्ना केही नयाँ खेलाडीलाई मौका दिने अनुमान रहेको छ। नेपालले ओपनरका रूपमा कुशल भुर्तेललाई निरन्तरता दिने सम्भावना रहेको छ। अर्को ओपनरमा अर्जुन साउद रहने सम्भावना रहेको छ।

तीन नम्बरमा युवा ब्याटर देव खनालले मौका पाउने सम्भावना रहेको छ। खराब फर्मका कारण टोलीमा पर्न कठिन रहेका खनालको लागि यो महत्वपुर्ण अवसर हुनेछ। चार नम्बरमा कप्तान रोहित पौडेल रहने सम्भावना रहेको छ। रोहितको कप्तानी नेपालले पाकिस्तानविरुद्ध ऐतिहासिक सफलता दिने अनुमान गरिएको छ।

पाँचौ नम्बरमा ब्याटर सन्दीप जोराले मौका पाउने सम्भावना छ। जोरालाई नेपाली टोलीको मध्यपक्ति बलियो बनाउने जिम्मेवारी समेत रहने छ।

छैटौं नम्बरमा अलराउन्डर कुशल मल्लले स्थान बनाउँने सम्भावना रहेको छ। विस्फोटक ब्याटिङ सहित स्पिन बलिङका विकल्पका रूपमा मल्लले आफ्नो भूमिका पाउने छन्। सातौं नम्बरमा अलराउन्डर गुलसन कुमार झाले मौका पाउने सम्भावना रहेको छ। तीव्र गतिका बलर सहित भरपर्दो ब्याटिङ शैलीका कारण झाले प्लेईङ-११ मा मौका पाउने सम्भावना बढि रहेको छ।

तीव्र गतिका बलर प्रतिश जिशीले आठौं नम्बरमा मौका पाउने सम्भावना रहेको छ। नवौं स्थानमा तीव्र गतिका बलर किशोर महतोले मौका पाउने सम्भावना रहेको छ। मौषम ढकालले दशौं नम्बरमा मौका पाउने सम्भावना रहेको छ। लेग स्पिनर ढकालले सन्दीप लामिछानेको अभाव हुन नदिने अनुमान गर्न सकिन्छ।

एघारौं नम्बरमा युवा स्पिनर सुर्य तामाङले मौका पाउने सम्भावना रहेको छ।

**नेपालको सम्भावित प्लेईङ-११**

कुशल भुर्तेल, अर्जुन साउद (विकेट किपर), देव खनाल, रोहित कुमार पौडेल(कप्तान), सन्दीप जोरा, कुशल मल्ल, गुलसन झा, प्रतिस जि.सी, किशोर महतो, मौषम ढकाल र सुर्य तामाङ

# सावित्राले टारिन् नेपालको हार

■ प्रभाव संवाददाता

**काठमाडौं–** बंगलादेशसँगको दुई मैत्रीपूर्ण अन्तर्राष्ट्रिय फुटबल खेलको श्रृंखलाअन्तर्गत पहिलो खेलमा नेपाली महिला राष्ट्रिय फुटबल टोलीले १-१ बराबरी खेलेको छ।

ढाकाको कमलपुरस्थित वीरश्रेष्ठ शहीद सिपाही मोहम्मद मुस्तफा रंगशालामा बिहीबार भएको पहिलो खेलमा नेपाल र बाङ्लादेशले १-१ गोलको बराबरी खेलेका हुन्।

दोस्रो हाफको इन्जुरी समयको पहिलो मिनेटमा सावित्रा भण्डारीले गोल गर्दै खेल बराबरी गरेकी हुन्।

खेलको ६५औं मिनेटमा कप्तान सविना खातुनको गोलसँगै बंगलादेशले अग्रता लिएको थियो। खेल सकिनै लाग्दा भण्डारीले नेपालका लागि गोल गरेकी हुन्। इन्जुरी समयमा गरेको भण्डारीको गोलले पहिलो खेल बराबरीमा रोकेको हो। मैत्रीपूर्ण प्रतिस्पर्धा अन्तर्गत नेपालले दोस्रो खेलमा आइतबार बाङ्लादेशसँग प्रतिस्पर्धा गर्नेछ।



**प्रधानमन्त्री कप भलिबल**

# पुलिसद्वारा आर्मी पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली सेनाको त्रिभुवन आर्मी क्लब सातौ प्रधानमन्त्री कप एनभिए महिला तथा पुरुष राष्ट्रिय क्लब लिग प्रतियोगितामा नेपाल पुलिससँग पराजित भएको छ।

चौथो खेल सम्म अपराजित आर्मीलाई बिहीबार सम्पन्न पाँचौ खेलमा पुलिसले ३-० को सोझो सेटमा पराजित गर्दै महत्वपूर्ण ३ अंक बटुल्न सफल भयो। पुलिसले २५-२१, २८-२६, २५-१४ ले आर्मीलाई पराजित गरेको हो। यसका साथ पुलिसको ५ खेलबाट १२ अंक भएको छ। पुलिस अंक तालिकामा दोश्रो स्थानमा उक्लिएको छ। आर्मीको पाँच खेलमा ११ अंक भएको छ।

नेपाल भलिबल संघको आयोजनामा भएको लिग खेलको बिहीबारै सम्पन्न अर्को खेलमा पाचौं खेलमा पनि अविजित यात्रालाई कायम राख्दै टिपटप हेल्प नेपाल अंक तालिकामा अग्र स्थानमा उक्लिएको छ।

प्रतिस्पर्धात्मक तथा रोमाञ्चक खेलमा टिपटपले एपिएफलाई ३-२ सेटमा पराजित गर्दै थप २ अंक जोड्न सफल भएको हो। हेल्प नेपालले पहिलो सेट २७-२५, २५-१७ ले जितेर खेललाई २-० का साथ आफ्नो पक्षमा पारेको थियो। तर एपिएफले तेश्रो र चौथो सेट २५-२१ २५-२३ ले जित्दै खेललाई २ - २ को बरावरीमा ल्यायो। अन्तिम तथा निर्णायक पाँचौ सेटमा टिपटप हेल्प नेपालले एपिएफको म्याच प्वाईन्ट १४-११ को स्थितीलाई उल्टाउँदै १६-१४ अंकका साथ जित हात पार्‍यो। यसका साथ टिपटपको पाँच खेलबाट १३ अंक भएको छ भने २ सेट जितेर १ अंक बटुलेको एपिएफको ११ अंक भएको छ। समान अंक भएता पनि अंक रेसियोका आधारमा एपिएफ आर्मी भन्दा पछाडी रहेको छ।

त्रिपुरेश्वरस्थित कभर्डहलमा भएको लिग प्रतियोगिताको महिला तर्फको खेलमा भने आर्मी र एपिएफले जित हात पारे। आर्मीले एक पक्षिय खेलमा एभरेष्ट भलिबल क्लबलाई २५-१२, २५-१९, २५-१९ ले पराजित गरेको हो। यस्तै अर्को खेलमा एपिएफले न्यु डायमण्डलाई २५-१९, २५-१८, २५-१२ ले पराजित गर्‍यो। महिला तर्फ पुलिस ४ खेलबाट १२ अंक, एपिएफ ५ खेलबाट ११ अंक, न्यु डायमन्ड ४ खेलबाट ८ अंक, आर्मी ४ खेलबाट ५ अंक, गण्डकी ४ खेलबाट ३ अंक र एभरेष्ट ५ खेलबाट ० अंकमा रहेका छन्। अंकका आधारमा पुलिस फाईनल प्रवेश गरेको छ।

# प्रधानमन्त्री मोदीको फ्रान्स भ्रमण सैन्य सम्बन्ध विस्तारमा केन्द्रित हुने



**पेरिस–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदी बिहीबार फ्रान्सको दुई दिने भ्रमण निस्किएका छन् । फ्रान्सको राष्ट्रिय दिवसका अवसरमा आज शुक्रबार आयोजना हुने विशेष समारोहमा विशेष अतिथिका रूपमा सहभागी हुने उनको यो भ्रमण फ्रान्ससँग सैन्य सम्बन्ध विस्तारमा केन्द्रित हुनेछ ।

कुनै समय अमेरिका भ्रमणमा प्रतिबन्ध लगाइएका ७० वर्षीय हिन्दू राष्ट्रवादी नेता मोदीलाई अमेरिकी राष्ट्रपति जो बाइडेनले हालै उनलाई ह्वाइट हाउसमा राजकीय भोजसहितको उच्च सम्मान दिएपछि हुन लागेको यो भ्रमणमा फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँको हार्दिक स्वागतसँगै नयाँदिल्ली र पेरिसबीच नयाँ रक्षा सम्झौताबारे छलफल हुनेछ ।

युक्रेनमा युद्ध र भारतमा मानवअधिकारको विषयमा मतभेद भए पनि दुवै देशले चीनसम्बन्धी आपसी चासोका कारण पारस्परिक सम्बन्धलाई अझ गहिरो बनाउनेमा विमति हुँदैन ।

भारत हिन्द–प्रशान्त रणनीतिको एक सबल स्तम्भ भएको राष्ट्रपति म्याक्रोँका एक सहयोगीले भनेका छन् । प्रधानमन्त्री मोदीलाई फ्रान्सेली राष्ट्रपतिले आज हुने राष्ट्रिय दिवसको सैन्य परेडमा विशेष अतिथि बनाएका छन् । परेडमा भारतीय सेना र भारतीय–फ्रान्स–निर्मित लडाकु विमान पनि सहभागी हुँदै छन् जसले दुई देशबीचको घनिष्ठ सैन्य सम्बन्धलाई प्रतिविम्बित गर्छ ।

भारत फ्रान्सेली हतियारको सबैभन्दा ठूलो खरिदकर्ताहरूमध्ये एक हो । प्रधानमन्त्री मोदीले सन् २०१५ मा पेरिस भ्रमणका क्रममा चार अर्ब २५ करोड अमेरिकी डलर बराबरका ३६ वटा राफेल लडाकु विमानका लागि ऐतिहासिक सम्झौताको घोषणा गरेका थिए भने यो भ्रमणमा पनि उनले अत्याधुनिक विमानका थप २६ समुद्री संस्करणको खरिदका साथै तीन स्कर्पेन क्लास पनडुब्बीका लागि सम्झौताको तयारी गरेका हिन्दुस्तान टाइम्स दैनिकले जनाएको छ ।

नयाँदिल्लीले आफ्नो सशस्त्र बललाई द्रुतगतिमा आधुनिकीकरण गर्न खोजिरहेको छ । हिमालय क्षेत्रतिरको आफ्नो सीमानामा चीनसँग बढ्दै गएको विवादलाई लिएर चिन्तित भारतले आधुनिक उपकरणको जोहो गर्नु सामान्य हो ।

सन् २०१७ मा म्याक्रोन सत्तामा आएदेखि मोदीले चारपटक फ्रान्सको भ्रमण गरिसकेका छन् भने राष्ट्रपति म्याक्रोनलाई २०१८ मा नयाँदिल्लीमा राजकीय सम्मान गरिएको थियो । दुवै पक्षका सहयोगीहरूले प्रधानमन्त्री मोदी र राष्ट्रपति म्याक्रोँबीचको व्यक्तिगत घनिष्ठता र समान विचारले २५ वर्ष पुरानो फ्रान्स–भारत रणनीतिक साझेदारी अझ घनीभूत हुने बताएका छन् । नेताद्वयले जलवायु परिवर्तन, सौर्य ऊर्जा, अन्तरिक्ष प्रविधि र आणविक ऊर्जामा सहयोग र सहकार्यलाई अघि बढाउने संकेत गरेका छन् । भारतका विदेशसचिव विनय क्वात्राले पनि प्रधानमन्त्री मोदीको यो भ्रमण रणनीतिक साझेदारीको मानक बन्ने विश्वास व्यक्त गरेका छन् । *रासस⁄एएफपी*

# १०७ वर्षपछि भारतीय सेना पेरिस परेडमा

**नयाँदिल्ली–** समयचक्र एकपटक फेरि घुमेको छ । १०७ वर्षपछि भारतीय सेना पेरिस परेडमा सहभागी हुँदै छ । फ्रान्सको राष्ट्रिय दिवसका अवसरमा आज शुक्रबार आयोजना हुने परेडमा सहभागी हुन पञ्जाब रेजिमेन्टका सिपाही पेरिस पुगिसकेका छन् ।

सन् १९१६ मा फ्रान्सलाई जर्मनीको कब्जाबाट बचाउन सिख रेजिमेन्टका भारतीय सैनिकहरूको योगदानलाई पेरिसले फेरि सम्झिने छ जब पञ्जाब रेजिमेन्टका जवानले परेडमा भारतीय सेनाको सौर्य प्रदर्शन गर्नेछन् । यो महत्त्वपूर्ण घटनाले विगतको सम्झनामा भारत र फ्रान्सबीचको स्थायी सम्बन्धलाई पनि उजागर गर्नेछ ।

यो वर्ष फ्रान्सको राष्ट्रिय दिवसका विशेष अतिथि भारतका प्रधानमन्त्री नरेन्द्र मोदी छन् । त्यसैले भारतीय सेनाका जवानको परेडमा उपस्थितिले अझ महत्त्व राख्छ । शुक्रबार हुने परेडमा भारतीय सशस्त्र बलका २६९ जनाको टोलीले फ्रान्सेली समकक्षी कुममा कुम मिलाएर मार्च गर्नेछ ।

पेरिस र अन्य फ्रान्सेली सहरमा दंगा, आगजनी र अशान्तिको पृष्ठभूमिमा फ्रान्स पुगेका भारतीय सैनिकलाई फ्रान्सेली पक्षले उदार हृदयले स्वागत गरेको छ । पहिलो विश्वयुद्धको समयदेखिको यो सम्बन्धलाई अझ सुदृढ बनाउन महत्त्वपूर्ण योगदान हुने भारतीय सेनाले जनाएको छ ।

पेरिसमा भारतीय सेनाको प्रतिनिधित्व गर्ने पञ्जाब रेजिमेन्ट भारतीय सेनाको सबैभन्दा पुरानो रेजिमेन्टमध्येको एक हो । रेजिमेन्टले दुवै विश्वयुद्ध र स्वतन्त्रतापछिका विभिन्न मिसनमा भाग लिएको छ । इतिहास दोहोरिएको यो क्षणमा साहस र वलिदानको पर्याय बनेको भारतीय सैनिकले गर्वसाथ पेरिस परेडमा भागलिएर भारत–फ्रान्स मैत्री र साझा सैन्य इतिहासलाई पुनःजीवन्त बनाउनेछ । *रासस⁄एएनआई*

# केन्यामा कर वृद्धिको विरोधमा प्रदर्शन

**नैरोबी–** केन्यामा कर वृद्धिको विरोधमा भएको प्रदर्शनमा छ जनाको मृत्यु भएको छ ।

केन्यामा कर वृद्धिको विरोधमा प्रतिबन्धित प्रदर्शनमा सहभागी विपक्षी दलका कार्यकर्ता र प्रहरीबीच बुधबार भएको झडपमा छ जनाको मृत्यु भएको प्रहरी अधिकारीले एएफपीलाई बताएका छन् ।

देशका हिंसात्मक घटना बढेपछि गृहमन्त्री किथुरे किन्डिकीले राज्यमा अशान्ति मच्चाउनेहरूलाई सख्त कारबाही गर्ने चेतावनी दिएका छन् । 'मानिसको अमूल्य जीवन गएको छ, दर्जनौं कानुन कार्यान्वयन अधिकारी र नागरिक गम्भीररूपमा घाइते भएका छन् । देशको अर्थतन्त्रमा अकल्पनीय क्षति भएको छ,' विरोध प्रदर्शनका क्रममा भएका व्यापक हिंसा, लुटपाट, निजी र सार्वजनिक सम्पत्तिको क्षतिप्रति निन्दा गर्दै उनले एक विज्ञप्तिमा भनेका छन् ।

दण्डहीनताको संस्कृति अन्त्य गर्ने प्रतिबद्धता पनि उनले व्यक्त गरेका छन् । विरोधप्रदर्शनले उग्ररूप लिएपछि प्रहरीले नैरोबी र आसपासका क्षेत्रबाट प्रदर्शनकारीलाई भगाउन अश्रु ग्यास प्रहार गरेको थियो ।

राजधानीको बाहिरी भागमा रहेको म्लोलोन्गो र किटेनगेला सहरमा पाँच जनाको मृत्यु भएको थियो भने नैरोबीलाई मोम्बासाको बन्दरगाह सहरमा जोड्ने राजमार्गमा आक्रमण गर्ने भीडलाई तितरबितर पार्न अश्रु ग्यास पनि प्रयोग गरिएको थियो, त्यसक्रममा एक जनाको मृत्यु भएको थियो ।

नैरोबीको कांगेमी बस्तीमा दर्जनौं बालबालिकालाई अस्पतालमा भर्ना गरिएको छ । केही अझै बेहोस छन्, उनीहरूको कक्षाकोठा नजिकै अश्रुग्यास प्रहार गरिएको थियो । स्वास्थ्य सेवा कार्यालयका प्रमुखले ५३ जनालाई अस्पताल भर्ना गरिएको बताएका छन् ।

विपक्षी नेता रैला ओडिंगाले सरकारविरुद्ध कर कानुनको विरोध अभियानलाई सशक्त तुल्याउँदै प्रदर्शनमा उत्रन आह्वान गरेका थिए । पूर्वसूचनाविना केन्यामा विरोध प्रदर्शन गर्न नपाइने कानुनी व्यवस्था छ ।

उक्त प्रावधानको अवहेलना गर्दा सुरक्षा निकायले कारबाही गरेका बताइएको छ । प्रहरी प्रमुख जाफेट कोमेले प्रदर्शनकारीलाई तितरबितर गर्न सबै कानुनी उपाय गरिने चेतावनी दिएका छन् । *रासस⁄एएफपी*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०७/१३ मा दर्ता भएको **प्रा.लि. नं. ११७०८४** को **लाइफ लाइन हेलि चार्टर सर्भिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**मलेशियामा रोजगार** BSSB LEATHER & FABRIC BEDS SDN. BHD. पूनः विज्ञापन
पुर्व स्विकृति मिति: 2079.05.26 चलानी नं. ६०१८७४३४ LT No. 271325

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 1500 | 43290 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० साउन ५ गते (21 July 2023) हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: निःशुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PURE GARMENT TRADING
पूर्व स्वीकृति मिति : २०७९/१२/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२८ LT. No. 284071 चलानी नं. : ६०१९९६९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 15 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HARTA PACKAGING INDUSTRIES (SELANGOR) SDN.BHD.
पूर्व स्वीकृति मिति : २०८०/०२/१० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२८ LT. No. 286474 चलानी नं. : ६०२०१९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ५ गते (21st July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम इजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4954342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MKM GLOBAL BUILDING CLEANING SERVICES CO.
पूर्व स्वीकृति मिति २०८०/०३/२८ LT No. 289225 चलानी नं. ६०२०४५४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 18 | 7 | 1000 | ३५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ५ गते (21st July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MARIA RAYAN BIN HAMZA HAFEZ TRADING EST.
पूर्व स्वीकृति मिति २०८०/०२/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२८ LT. No. 286656 चलानी नं. ६०२०२०२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Small Truck Driver | 1 | 0 | 1800 | ६२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ५ गते (21st July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MANAL MOHSEN SAAD AL-RASHDI CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/०३/२८ LT. No. 289259 चलानी नं. ६०२०४५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load and Unload worker | 36 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MUSTAQBAL FOUNDATION FOR GENERAL CONTRACTING
पूर्व स्वीकृति मिति २०७८/१०/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२८ LT. No. 257477 चलानी नं. ६०१७३८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 11 | 0 | 1000 | ३४,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ELEGANT CAKE TRADING EST
पूर्व स्वीकृति मिति २०८०/०३/२७ LT. No. 289173 चलानी नं. ६०२०४५३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FAISAL NAYEF ALI AL-SHAMMARI SWEETS STORE
पूर्व स्वीकृति मिति २०८०/०३/२७ LT. No. 289172 चलानी नं. ६०२०४५२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 1 | 0 | 1200 | ४१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन ५ गते (21st July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११२४०० | प्रति तोला – १११८५० | प्रति तोला – १४४० |



तारकेश्वर नगरपालिका वडा नं ७ स्थित फुटुङमा एमडिएस बहुउद्देश्यीय कृषि सिकाइ केन्द्रले व्यावसायिक रूपमा गरेको पशुपालन फार्ममा दूधका लागि पालेका विभिन्न जातका गाई । *तस्बिरः हरिराम भेटुवाल/रासस*

# कस्तो ऋण लिने भन्नेमा सरकार सुस्पष्ट छ : अर्थमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकको समृद्धिका लागि आन्तरिक तथा बाह्य ऋण लिनुपर्ने बताएका छन् । बिहीबार राष्ट्रियसभाको दोस्रो बैठकमा प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै उनले ऋण लिने प्रचलन संसारभर रहेकाले ऋण किन लिने भन्नेमा सरकार प्रष्ट रहेको बताए ।

'सरकार कस्तो ऋण लिने, किन ऋण लिने, के आधारमा ऋण लिने, कुन क्षेत्रमा ऋण प्रवाह गर्ने वा नगर्ने भन्नेमा गम्भीर छ', उनले भने, 'ऋण लिने प्रचलन संसारभरि नै छ । तर त्यो ऋण किन लिने, त्यसमा हामी सुस्पष्ट हुनुपर्छ । ऋण लिएर लागनी गर्ने, लगानीबाट प्रतिफल ज्यादा लिने, त्यसले अर्थतन्त्रलाई फराकिलो बनाउँछ ।'

कुनै पनि ऋण नलिइकन मुलुक समृद्ध बनाउन सम्भव नभएको उल्लेख गर्दै उनले आफ्नो पूँजीले मात्रै देशको पूँजी विस्तार गर्न नसकिने बताए । 'देशको पूँजी लगानीले समग्रमा अर्थतन्त्रलाई माथि उकास्न सकिँदैन । तर ऋण लिँदा अत्यन्त सचेत हुनुपर्छ, कस्तो ठाउँमा ऋण लिने, प्रतिफल र परिणाम आउने, बढीभन्दा बढी जनतालाई सहयोग पुग्ने हो कि होइन, सामाजिक आर्थिक प्रतिफल कति आउँछ, त्यसको यथार्थ मूल्यांकनका आधारमा ऋण लिनुपर्छ ।'

उक्त प्रस्तावमाथिको छलफलमा भाग लिँदै सांसद जितेन्द्रनारायण देव, देवेन्द्र दाहाल र भैरवसुन्दर श्रेष्ठले ऋणको सदुपयोग गर्ने तथा ऋण नलिएर आन्तरिक राजस्व वृद्धि गर्नेतर्फ सरकारले ध्यान दिनुपर्ने बताए ।

त्यस्तै अर्थमन्त्री डा प्रकाशशरण महतले ठूलो समस्याका रूपमा रहेको बेरुजु कम गर्नका लागि अर्थ मन्त्रालय जागरुक भएर लागेको बताएका छन् । कतिपय करदाता अदालत गएको निर्णयमा अनियमित भएका कारणले बेरुजु देखिएको उल्लेख गर्दै उनले समग्रमा आर्थिक अनुशासन कायम राख्ने र थप बढ्न नदिनेमा प्रतिबद्धता व्यक्त गरे ।

बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत अर्थ मन्त्रालयको विभिन्न शीर्षकमाथि उठेका प्रश्नको जवाफमा उनले विभिन्न स्वरूपमा बेरुजु रहने भएकाले त्यो सबै दुरूपयोग भयो भन्नु गलत रहेको बताए । आर्थिक अराजकता नियन्त्रणका लागि आफू पूर्णरूपमा लागिपरेको बताए ।

मुलुकभित्र अत्यावश्यक कामका लागि आवश्यक रकम जोहो गर्न तथा अत्यावश्यक कामका लागि खर्च गर्नका लागि आकस्मिक कोषमा रकम राखिएको जानकारी दिए । विविध शीर्षकमा बढी बजेट राखिएको भन्ने सांसदहरूको जिज्ञासाको जवाफमा मन्त्री डा महतले अत्यावश्यक समस्यामा खर्च गर्ने रकमको जोहोका लागि विविध शीर्षकमा बजेट राखिएको बताए ।

उनले राष्ट्रियसभाका सदस्यका तर्फबाट प्राप्त भएको सुझावलाई अक्षरशः पालना गर्ने प्रतिबद्धता जनाए । अर्थमन्त्री डा महतले आर्थिक अनुशासन कायम गरिने र त्यसमा कुनै आशंका नगर्नसमेत आग्रह गरे । बजेट कार्यान्वयमा देखिएका समस्या समाधानका लागि सरकारले पहल थालिसकेको उनको भनाइ छ ।

बजेट छर्ने प्रवृत्तिलाई रोक्न खोज्दाखोज्दै पनि तत्काल नसकिएको अर्थमन्त्रीले जानकारी दिए । बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि भनेर पेट्रोलियम पदार्थमार्फत उठाइएको रकम मुआब्जा वितरणका लागि खर्च भएको उल्लेख गरे । मन्त्री डा महतले सो आयोजना निर्माणका लागि कम्पनी स्थापनाको प्रक्रिया अगाडि बढेको भनाइ राखे ।

मुलुकका आइपर्ने अत्यावश्यक कामका लागि खर्च गर्नका लागि विविध शीर्षकमा रकम राख्नैपर्ने उल्लेख गर्दै उनले प्राकृतिक विपद्लगायतका कामका लागि अनावश्यक खर्च निषेध गर्ने र अनुशासन कायम गर्न आफू पूर्णरूपमा प्रतिबद्ध रहेको स्पष्ट पारे ।

अर्थमन्त्री डा. महतले नियम कानुनभन्दा बाहिर गएर कुनै पनि सरकारी स्रोत खर्च गर्न नसक्ने बताए । आम्दानी नै कम भएकाले सङ्घीय सरकारको बजेट बढी घटाएर प्रदेश सरकारको बजेट कम मात्रै घटाइएको उनको भनाइ छ । बेथितीका कारण जोडिँदै आएका समस्या समाधानका लागि आफूले इमान्दार प्रयास गरेको अर्थमन्त्री डा महतको दाबी छ ।

## 'आगामी आवमा ९०० मेगावाट बिजुली थपिन्छ'

**काठमाडौं (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आगामी आर्थिक वर्षमा मुलुकको प्रणालीमा थप नौ सय मेगावाट बराबरको बिजुली थप हुने बताएका छन् । राष्ट्रियसभाको आजको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको विभिन्न शीर्षकमाथि उठेको प्रश्नको जवाफमा उनले आन्तरिक खपत बढाउने नै सरकारको सोच रहेको र बढी भएको बिजुलीमात्रै विदेशमा निर्यात गरिने बताए । हाल प्रणालीमा दुई हजार मेगावाट बराबरको बिजुली जोडिएको जानकारी दिँदै उनले ऊर्जा विकास दशकको मार्गचित्रका साथ काम गरिरहेको बताए । आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली भारतलाई निर्यात गर्ने र त्यसका लागि कुल २० हजार मेगावाट बराबरको आयोजना निर्माणको प्रक्रिया अगाडि बढाइने सदनलाई जानकारी गराए ।

उनले केही ठूला जलाशयुक्त आयोजना अगाडि बढाउने सोचका साथ सरकारले प्रक्रिया अगाडि बढाएको स्पष्ट पार्दै तल्लो अरुण आयोजनाका सन्दर्भमा धेरै पहिलेदेखि नै प्रक्रिया अगाडि बढेको बताए । सांसदहरूले सो आयोजना भारतीय कम्पनीलाई किन दिइएको हो भनेर प्रश्न उठाएका थिए ।

# मल कारखानाका लागि अघि बढ्यो प्रारम्भिक प्रक्रिया

■ प्रभाव संवाददाता

**काठमाडौं–** करिब रु ९३ अर्ब ५३ करोड (७१ करोड ४० लाख अमेरिकी डलर) बराबरको लगानी रहने गरी नेपालमा रासायनिक मल कारखाना निर्माणको प्रारम्भिक प्रक्रिया सुरु भएको छ । प्रधानमन्त्री अध्यक्ष रहने लगानी बोर्डको कार्यालयले बिहीबार एक जर्मन कम्पनीसँग रासायनिक मल कारखाना स्थापनाका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ । समझदारीपत्रमा बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्ट र जर्मन कम्पनी डिआग इन्डस्ट्रिज जीएमबीएचका प्रबन्ध निर्देशक बेन्जामिन बेकरले हस्ताक्षर गरेका हुन् ।

सार्वजनिक निजी साझेदारी तथा लगानी नियमावली, २०७७ को व्यवस्था अनुसार, बोर्डको गत चैत १७ गते सम्पन्न ५०औँ बैठकले सो कम्पनीलाई अध्ययन अनुमतिपत्र प्रदान गर्ने निर्णय गरेको बोर्डका प्रवक्ता अमृत लम्सालले जानकारी दिए । साथै प्रस्तावकसँग गरिने समझदारीपत्रको मस्यौदा गत चैत ३० मा सम्पन्न लगानी बोर्डको ५३औँ बैठकले स्वीकृत गरेको थियो ।

समझदारीपत्रको प्रावधान बमोजिम प्रस्तावक कम्पनीलेले अनुमतिपत्र प्राप्त गरेको २४ महिना भित्र बोर्डको कार्यालयसमक्ष पेश गर्नुपर्नेछ । प्रस्तावक कम्पनीले हाइब्रिड, ग्यास वा दुवैमध्ये कुन उपयुक्त प्रविधिमध्ये एउटा उपयुक्त प्रविधि प्रयोग गरी वार्षिक सात लाख टन रासायनिक मल (युरिया) उत्पादन गर्ने प्रस्ताव गरेको छ । सो प्रविधि र क्षमतामा रासायनिक मल उत्पादनका लागि अमेरिकी झण्डै रु ९३ अर्ब ५३ करोड बराबरको लगानी लाग्नेछ ।

साथै आगामी आर्थिक वर्षको बजेटमा लगानी बोर्डको सहजीकरणमा सार्वजनिक निजी साझेदारीमा नेपालमा रासायनिक मल कारखाना स्थापनासम्बन्धी विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने उल्लेख छ । समझदारीपत्रमा हस्ताक्षर कार्यक्रमलाई सम्बोधन गर्दै लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतज्यूले विश्वसनीय अध्ययनले जोखिम न्यूनीकरणसहित परियोजनाको कार्यान्वयन र दीगो रूपमा सञ्चालन गर्ने मार्गचित्र प्रदान गर्ने भएकाले तोकिएको समयभित्र सम्भाव्यता जाँचसहितको प्रतिवेदन पेश गर्न प्रस्तावकलाई आग्रह गरे ।

# नेप्सेमा दोहोरो अंकको गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार दोहोरो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १२ दशमलव ६२ अंकले ओरालो लागेर दुई हजार ४८ दशमलव ९३ मा सीमित भएको छ ।

ठूला कम्पनीको सेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ९० अंकले ओरालो लागेर तीन सय ९१ दशमलव २५ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये तीन उपसमूहको सेयर मूल्य उकालो लाग्दा १० उपसमूहको सेयर मूल्यमा गिरावट भएको छ ।

नेप्सेका अनुसार कूल ९३ लाख ८२ हजार चार सय ४० कित्ता सेयर रू तीन अर्ब ३९ करोड छ लाख ६० हजार छ सय पाँच मूल्यमा खरिद बिक्री भएको छ । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रू २३ करोड ७५ लाख ९३ हजार तीन सय ४८ मूल्य बराबरको कारोबार भएको छ ।

त्यस्तै, सोल्टी होटल रू १७ करोढ ९२ लाख ९४ हजार पाँच सय ६१, हिमालयन लाइफ इन्स्योरेन्स रू १६ करोड १५ लाख नौ हजार, नेपाल दूरसञ्चार कम्पनी रू ११ करोड ८४ लाख ४८ हजार पाँच सय १४ र चिलिमे आइड्रोपावर कम्पनी रू सात करोड ५० लाख ९० हजार नौ सय ८५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार, एनएमबी बैंकको ऋणपत्र र सिद्धार्थ बैंकको ऋणपत्रको मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । एनआइबीएल समृद्धि फण्ड दोस्रो नौ दशमलव ९४, सिटिजन म्युचुअल फण्ड पहिलो सात दशमलव ९८ र सानिमा लार्ज क्यापका लगानीकर्ताले सात दशमलव ८३ प्रतिशतले कमाएका छन् ।

पिपल्स हाइड्रोपावर छ दशमलव शुन्य पाँच, हिमालयन पावर पार्टनर पाँच दशमलव ८३, बुद्धभूमि नेपाल हाइड्रोपावर पाँच दशमलव ८३, मनकामना स्मार्ट लघुवित्त पाँच दशमलव ५६ र रिडी पावरका लगानीकर्ताले पाँच दशमलव ५३ प्रतिशतले गुमाएका छन् । कारोबारपछि बजार पूँजीकरण रू ३० खर्ब ६४ अर्ब ६४ करोड ९१ लाख ७३ हजार एक सय २९ बराबर रहेको छ ।

# हिमालय एयरलाइन्सले सुरु गऱ्यो इन्टरनेट बुकिङ इञ्जिन

**काठमाडौं (प्रस)–** नेपालबाट अन्तर र्राष्ट्रिय उडान गर्ने निजी लगानीको हिमालय एयरलाइन्सले इन्टरनेट बुकिङइञ्जिन सेवा सुरु गरेको छ । एयरलाइन्सबाट ग्राहकले डेक्सटप वा मोबाइलबाट आफ्नो सुविधाअनुसार एयरलाइन्सको वेबसाइटमा गएर टिकट बुकिङ गर्न सक्नेछन् ।

यो सुविधा प्रयोग गर्ने यात्रुलाई विभिन्न गन्तव्यसँग जोड्न सहज हुने कम्पनीको अपेक्षा छ । आफ्नो सुविधाअनुसार एयरलाइन्सको वेबसाइट यो सेवाको प्रारम्भिक चरणमा ग्राहकले मोबाइलबाट टिकट खरिदका लागि इसेवावालेट, मास्टरकार्ड र भिसा कार्डबाट भुक्तानी गर्न सक्नेछन् भने युनियन पे र कनेक्ट आइपिएस सेवा निकट भविष्यमा उपलब्ध गराइने एयरलाइन्सले विज्ञप्तिमार्फत जनाएको छ ।

यसका साथै रिफन्ड रिक्वेस्ट, टिकटको मूल्य खोजी, बुकिङ व्यवस्थापनसहित अतिरिक्त सेवा उपभोग गर्न सकिनेछ । एयरलाइन्सले ब्यागेज प्रि-बुकिङ, सिट र खाना सेलेक्सन, लाउन्ज सेवा बुकिङ, संयुक्त सेवा चयन गर्नेजस्ता अन्य विभिन्न सेवा पनि ल्याएको छ । साथै यात्रुले विमानस्थलमा समय बचत गर्न अनलाइन चेक इन पनि गर्न सक्नेछन् ।

एअरलाइन्सका उपाध्यक्ष विजय श्रेष्ठले नयाँ सेवा सुरुआतका साथै ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्न कम्पनी प्रयासरत रहेको बताए । नयाँ सेवाबाट हिमालयले आफ्ना ग्राहकलाई सहजरूपमा टिकट बुकिङ अनुभव प्रदान गर्नेछ ।

## अत्यन्त जरूरी सूचना

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएको सम्पूर्ण विज्ञापनदाता, म्यानपावर संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरे बापतको बाँकी वक्यौता रकम यहि २०८० साल असार मसान्तभित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
काठमाडौं-७, सिफल, नेपाल
फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ